केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/२३/०७०/७१ मिति: २०७०/१२/२६

**"क", "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुको लागि देहायका विषयको सम्बन्धमा देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

(१) यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुको लागि यसैसाथ संलग्न बमोजिमको **"रुग्ण उद्योगका सम्बन्धमा वित्तीय क्षेत्रबाट हुनसक्ने सुविधा सम्बन्धी कार्यविधि, २०७०"** जारी गरिएको छ।

(२) यस बैंकबाट जारी गरिएको एकीकृत निर्देशन २०७० को इ.प्रा. निर्देशन नं. ६ को बुँदा नं. १ को उपबुँदा नं. (१३) पछि देहायको उपबुँद टा नं. (१४) थप गरिएको छ।

*"कुनै पनि फर्म तथा कम्पनी कालो सूचीमा परेको भए कालो सूचीमा रहेको अवधि र कालोसुचीबाट हटेको तीन वर्षसम्म त्यस्तो फर्म तथा कम्पनीहरुको तर्फबाट संचालक मनोनयन/नियुक्तिको लागि योग्य हुने छैन।"*

(३) यस बैंकबाट जारी गरिएको एकीकृत निर्देशन २०७० को इ.प्रा. निर्देशन नं. १० को बुंदा नं. १४ को व्यवस्थालाई देहाय बमोजिम संशोधन गरी एकीकृत निर्देशनको इ.प्रा. निर्देशन नं. ६ को बुँदा नं. १ (संचालकले पालना गर्नु पर्ने आचरण सम्बन्धी व्यवस्था) को उपबुँदा नं. १५ कायम गर्ने व्यवस्था गरिएको छ।

*"१५.*

*(क) संस्थापक/संस्थापक समूहको शेयर धारण गरेका शेयरधनी संस्थापक समूह बाहेक अन्य समूहबाट संचालकमा उम्मेद्वारी दिन पाउने छैन।*

***(ख) कुनै बैंक वा वित्तीय संस्थामा कुनै व्यक्ति वा निजको प्रतिनिधि आफ्नो र आफ्नो वित्तीय स्वार्थ रहेको फर्म/कम्पनी/संस्थाका तर्फबाट एकै पटक एक भन्दा बढी संचालक पदमा नियुक्त/मनोनयन हुन सक्ने छैनन्।"***

(४) यस बैंकबाट जारी गरिएको एकीकृत निर्देशन २०७० को इ.प्रा. निर्देशन नं. १९ को अनुसूची नं. १९.१ को (ज) को (१५) मा देहाय बमोजिमको व्यवस्था संशोधन गरिएको छ।

*"(१५) नेपालको कुनै आधिकारिक निकायवाट सम्वन्धन वा स्वीकृति लिइसकेका अन्तर्राष्ट्रिय गै.स.सं. बाहेक अन्य अन्तर्राष्ट्रिय गै.स.सं.को हकमा सम्बन्धित देश वा सो देशको राजदूतावासको सिफारिश पत्र।"*

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

(५) यस बैंकबाट जारी गरिएको एकीकृत निर्देशन २०७० को इ.प्रा. निर्देशन नं. १४ को बुँदा नं. १ शाखा/कार्यालय खोल्ने सम्बन्धी व्यवस्था को उपबुँदा (ज) मा देहाय बमोजिमको व्यवस्था थप गरिएको छ ।

*"कुनै इजाजतपत्र प्राप्त बैंक वा वित्तीय संस्थाले यस बैंकबाट समस्याग्रस्त घोषणा गरिएका बैंक वा वित्तीय संस्थाको शाखा खरिद गर्ने भएमा दुवै संस्थाले प्रचलित कानुन तथा आफ्नो आर्थिक प्रशासन विनियमावलीको अधिनमा रही शाखा खरिद बिक्री गर्न सक्नेछन् । यसरी खरिद गरेको शाखा उपत्यका भित्रको भएको कारणले माथिको व्यवस्था पालना हुन नसक्ने भएमा शाखा खरिद गरेको एक वर्ष भित्र शाखा खरिद गर्ने बैंक वा वित्तीय संस्थाले यस निर्देशन बमोजिम काठमाडौं उपत्यका बाहिर तीनवटा शाखा खोली सक्नु पर्नेछ ।"*

भवदीय,

( भाष्करमणि ज्ञवाली)
कार्यकारी निर्देशक

<u>बोधार्थ</u> :

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाडौं ।
४. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
९. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
१०. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
११. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
१२. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं ।
१३. श्री नेपाल वित्तीय संस्था संघ, तिनकुने, काठमाण्डौं ।